# ई-पासपोर्टका लागि लाइभ इनरोलमेन्ट सम्बन्धी जानकारी

**<u>के के कागजात चाहिन्छ ?</u>**

- राष्ट्रिय परिचयपत्र भर्दा प्राप्त भएको Confirmation Page
- सक्कल नागरिकता
- अन्यत्र जिल्लाको नागरिकता भइ यस जिल्लामा विवाह/वसाइ सराइ गरि आएको भए विवाहदर्ता/बसाइ सराइ दर्ता प्रमाणपत्र
- नावालकको हकमा नावालक परिचयपत्र र वावु/आमाको नागरिकता

**<u>अनलाइन Appointment लिन कहाँवाट फारम भर्ने ?</u>**

- इन्टरनेट सुविधा भएको जुनसुकै स्थानबाट आफैंले फारम भर्न सकिन्छ ।
  वा
- फारम भर्ने सहयोगी कम्प्यूटर स्टेशन (साइवर क्याफे) मार्फत पनि भर्न सकिन्छ ।

**<u>राहदानीको निवेदन दिने तरिका</u>**

१. अनिवार्यरुपमा अनलाइनबाट मिति र समय बुक गर्नु पर्दछ । छिटो बुकिग गर्नेको पालो पहिले आउँछ ।
२. अनलाइनमा यो लिङ्कमा जाने **emrtds.nepalpassport.gov.np**
३. **Apply for Passport राहदानीको लागि आवेदन** मा जाने
४. पहिलो पटक राहदानी बनाउने वा हस्तलिखित हुनेहरुले नयाँ **(New)** भन्ने Option छान्ने
५. पुरानो मेशिन रिडेबल राहदानी हुनेहरुले नबीकरण **(Renewal)** मा जाने
६. आफूलाई चाहिने पेज संख्या छनौट गर्ने **Ordinary 34 pages** वा **Ordinary 66 pages** छान्ने ३४ पेजको लागि पाँच हजार र ६६ पेजको लागि दश हजार रुपैया दस्तुर लाग्दछ ।
७. **I agree स्वीकृत छ** मा थिच्नुहोस्।
८. यसपछि प्राप्त हुने देहायका शिर्षक अन्तर्गतका फारमहरु सवै भर्ने ।

   **फारम भर्दा विशेष ध्यान दिनुपर्ने कुराहरु**

   - नामको विचको नाम जस्तै प्रसाद, देवी, कुमारी आदि भए First Name अन्तर्गत भर्ने ।
   - राष्ट्रिय परिचयपत्र नम्वर National Identity Number (NIN) अनिवार्य रुपमा भर्ने ।
   - **Citizenship Number or Permit Number** लेख्दा नागरिकतामा भएका नम्वरहरुमात्र सिलसिलेवार रुपमा लेख्ने जस्तै नागरिकता नम्वर 20-10-76-03624 भए 20107603624 लेख्ने (ड्यास नराख्ने), 201029/110 भए 201029110 लेख्ने (स्ल्यास / नराख्ने)

९. फारम सम्पूर्णरुपमा भरिसकेपछि भरिएका विवरणहरु एकिन गरी ठिक भएका **Next** मा थिच्ने ।
१०. डकुमेन्टहरु स्क्यान गरी अपलोड गर्ने । (प्रति स्क्यान ४०० केवी सम्मको हुनुपर्ने)
११. नावालक भए **Minor** मा टिक लगाउने अन्यथा **Major** मा टिक लगाउने ।
१२. अनिवार्य रुपमा नागरिकताको अघिल्लो भाग र पछिल्लो भाग **Citizenship Certificate Front *** र **Citizenship Certificate Back *** मा अपलोड गर्ने ।
१३. अन्यत्र जिल्लाको नागरिकता भएका र यस जिल्लामा विवाह गरि आएका महिलाको हकमा **Marriage Registration** को स्थानमा विवाहदर्ता प्रमाणपत्र अपलोड गर्ने ।

१४. नागरिकतामा पति/पत्निको नाम भएको तर हाल सम्बन्ध विंच्छेद भइसकेको भए **Divorce Certificate** को स्थानमा सम्बन्ध विच्छेद दर्ता अपलोड गर्ने ।

१५. राष्ट्रिय परिचयपत्र (वा परिचयपत्र भर्दा प्राप्त भएको Confirmation Page) **National eID** भन्ने स्थानमा अपलोड गर्ने ।

१६. अन्य केही कागजात अपलोड गर्नुपर्ने भएमा **Any other supporting document** भन्ने स्थानमा अपलोड गर्ने ।

१७. आफुलाइ उपयुक्त हुने स्थान, मिति र समय छनौट गरी Appointment लिनुपर्छ । यसका लागि **Appointment Province** मा Bagmati, **Appointment District** मा Sindhuli र **Appointment Location** मा Sindhuli छान्नुहोस् ।

१८. उपलब्ध रहेका दिनमा छनौट गरी समय छान्न सकिन्छ ।

१९. तोकिएको कोटा पुरा भएको भए **The appointments slots are fully booked** भन्ने message देखाउँछ । यस्तो अवस्थामा अर्को दिनका लागि छनौट गर्नुपर्छ ।

२०. यस पछि राहदानी आवेदन फारम प्राप्त हुनेछ । यस फारमलाई प्रिन्ट गर्ने ।

**Appointment मितिमा के गर्नुपर्छ ।**

२१. Appointment तोकिएको मितिमा बैङ्कमा गइ तोकिएको राजश्व रकम तिर्ने

२२. Appointment तोकिएको मितिमा कार्यालयको कोठा नं १०७ मा देहायका कागजात सहित व्यक्ति स्वयम उपस्थित हुने

- अनलाइन भर्दा प्राप्त भएको राहदानी आवेदन फारम
- भौचरको सक्कल र फोटोकपी १ थान
- राष्ट्रिय परिचयपत्र भर्दा प्राप्त भएको Confirmation Page
- सक्कल नागरिकता
- अपलोड गरिएका अन्य कागजातहरुको सक्कल (केही भए)

**फोटो सम्बन्धमा**

२३. ई-पासपोर्टका लागि फोटो कार्यालयमा नै खिचिने भएको हुँदा Appointment तोकिएको मितिमा आउँदा स्वभाविक मात्र देखिने गरी पहिरन, गरगहना, मेकअप, दारी-कपाल जस्ता विषयमा ध्यान पुर्याउनुपर्छ ।

**राहदानी कहिले उपलब्ध हुन्छ र को आउनु पर्छ**

२४. लाइभ इनरोलमेन्ट भइसकेपछि सामान्यतया २० दिन भित्र राहदानी उपलब्ध हुनेछ ।

२५. राहदानी लिन व्यक्ति स्वंयम राहदानी फारम र राजश्व वुझाएको भौचर सहित आउने ।

**अन्य जानकारी**

२६. भरेको निवेदन सच्याउन र लाइभ इनरोलमेन्टको लागि बुक गरेको मिति १५ दिन भित्र परिवर्तन गर्न सकिन्छ ।

२७. लाइभ इनरोलमेन्टका लागि भरेको निवेदन हरायो भने पुन: लग इन गरेर अर्को प्रिन्ट निकाल्नु पर्छ ।

२८. लाइभ इनरोलमेन्टको लागि लिएको दिन सार्वजनिक बिदा परेमा अर्को समय बुक गर्नु पर्छ ।

***